# स्थानीय - राजपत्र

बिन्दबासिनी गाउंपलिकाद्वारा प्रकाशित

भाग -२

## विपन्न वर्ग आर्थिक सहायता कार्यविधि, २०८२

## बिन्दबासिनी गाउँपालिका

गाउंकार्यपालिकाको कार्यालयले

बहुअर्वा भाठा,पर्सा

मधेश प्रदेश ,नेपाल

गाउँ कार्यपालिकाको कार्यालय
बहुअर्वाभाट्टा, पर्सा
मधेश प्रदेश, नेपाल
२०७३

# विपन्न वर्ग आर्थिक सहायता कार्यविधि, २०८२

**प्रस्तावना :**

नेपालको संविधानको भाग ३ मौलिक हक र कर्तव्य अन्तर्गत धारा ४२ को समनताको हक सम्बन्धी व्यवस्थाको उपधारा १२२ मा आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायको नागरिकको संरक्षण , उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, सावान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा नाभ पाउने हक हुनेछ भन्ने उल्लेख छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को पालिकाको काम कर्तव्य र अधिकार क्षेत्र भित्र स्थानीय सुरक्षा योजना र व्यवस्थापन गर्न सक्ने उल्लेख गरिएकाले आर्थिक रुपले विपन्नता भएका परिवारको पालन पोषण, हेरचाह शिक्षा, स्वास्थ्य उपचार तथा सरक्षण साथै विपदमा परेका व्यक्ति तथा परिवारका लागि आर्थिक सहायता सहयोग उपलब्ध गराउन वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम बिन्दबासिनी गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालयले आर्थिक सहायता कार्यविधि, २०८२ तयार पारेको छ।

## परिच्छेद १
## प्रारम्भिक (नाम र परिभाषा)

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१.१. यस कार्यविधिको नाम 'विपन्न वर्ग आर्थिक सहायता कार्यविधि, २०८२ रहेको छ ।

१.२ यो कार्यविधि बिन्दबासिनी गाउँपालिका कार्यपालिकाको बैठकबाट स्वीकृत भै स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

२.१. आर्थिक रुपले विषन्न भन्नाले दैनिक जीवनयापन गर्न कठिनाई भएका बार्थिक रुपले विपन्न परिवार वा व्यक्ति सम्झनुपर्छ ।

२.२. जोखिममा परेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति असहाय एकत महिला, हिंसा पिडित तथा प्रभावित व्यक्ति, मानव बेचविखन तथा ओसारपसारबाट बन्चित भएका व्यक्ति द्वन्द पिडित व्यक्ति, यौन दुव्यवहार र शोषणमा परेका, सड़क जीवन व्यतीत गर्न बाध्य भएका, जोखिमपूर्ण व्यवसाय वा कामवाट उद्धार गरीएका, दैनिक जीवनयापनका लागि व्यवसाय स्थापनार्थ रकम अभाव नै आर्थिक सहायता आवश्यकता भएका व्यक्ति सम्झनुपर्छ ।

श्याम बाबु साह कानु
प्रमुख प्रशासकीय अधिकृत

प्रमोद तिवारी
गाउँपालिका अध्यक्ष

CS CamScanner

२.३. "विपन्न परिवार" भन्नाले नेपाल सरकारको प्रचलित कानुन र नीति अनुसार विपन्न परिवार मानिएका परिवार वा व्यक्ति सम्झनु पर्छ र सो शब्दले महानगरको सम्बन्धित वडा समितिले विपन्न परिवार हो भनि सिफारिस गरिएका परिवार वा व्यक्तिलाई समेत जनाउछ।

२४."वडा समिति" भन्नाले बिन्दबासिनी गाउँपालिका सम्बन्धित वडा अध्यक्ष् वडा सदस्य महिला सदस्य र दलित महिला सदस्य सहितको समितिलाई जनाउछ।

२५."कार्यालय "भन्नाले बिन्दबासिनी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय बिन्दबासिनी भन्ने जनाउछ।

## परिच्छेद २

## उद्देश्य, औचित्य र लक्षित वर्ग

**३. उद्देश्य:**

गाउँपालिका भित्र जोखिम अवस्थामा रहेका विशेष स्वास्थ्य सुरक्षा र संरक्षणको आवश्यकता भएका विपन्न परिवार एवम् व्यक्तिको सहज जीवनयापन गर्नमा सहयोगी भूमिका प्रदान गर्न।

**४. औचित्य:**

४.१ मानव अधिकारको सम्मान।

४.२. गाउँपालिका प्रति नागरिकको अपनत्वको भाव सिर्जना गराउन।

४.३ विपन्न तथा कमजोर वर्ग र आवाज विहिनहरुका लागि अभिभावकीय भूमिका रहेको महसुस गराउन।

**५. लक्षित वर्ग:**

५.१ विशेष संरक्षणको आवश्यकता भएका

५.२) जोखिममा परेका,

५.३) आर्थिक दृष्टिले विपन्न परिवार,

५.४) प्राकृतिक तथा मानवीय कारणबाट पिडित तथा प्रभावित,

५.५) दुर्घटना तथा चोटपटकबाट गम्भीर रुपमा घाईते भएका,

५.६) जंगली जनावरको आक्रमणवाट घाइते, अंगभंग भइ उपचार गर्नुपर्ने व्यक्ति तथा मृत्युका कारण दाहसंस्कार लगायतका खर्च जुटाउन नसकेका परिवारका सदस्यहरु,

५.७ विपन्न परिवारका छोरीको बिहे गर्न आर्थिक कठिनाई उत्पन्न भएका लाई।

प्रमोद तिवारी
गाउँपालिका अध्यक्ष

## परिच्छेद: ३

## आर्थिक सहायता सहयोगको व्यवस्था, उपलब्ध गराउने आधार, सिमा र सिफारिस

६. गाउँपालिकाले प्रत्येक आर्थिक वर्ष विनियोजित स्वीकृत वार्षिक कार्यक्रम तथा अन्य श्रोतबाट प्राप्त रकमबाट आर्थिक सहायता सहयोग रकमको व्यवस्थापन गरिनेछ।

**७. आर्थिक सहायता उपलब्ध गराउने आधारहरु र सीमा:**

यस कार्यविधि बमोजिम तोकिएको लक्षित बर्ग र विपन्न बर्गलाई बढीमा एक आर्थिक वर्षमा एकपटक मात्र देहाय बमोजिमको आर्थिक सहायता मध्ये कुनै एक आर्थिक सहायता सहयोग देहायको आधार र सीमा भित्र रही उपलब्ध गराईनेछ

७.१ क्यान्सर, मेरुदण्ड पक्षघात, अङ्ग प्रत्यारोपण समेतका निकै जटिन प्रक्तिका दीर्घरोगी र जङ्गली जनवारको आक्रमणबाट अङ्ग भङ्ग नै गम्भिर घाईते भएका तथा मृत्यु भएका परिवारहरुलाई समेत बढीमा पचास हजार रुपैया सम्म।

७.२ गम्भीर प्रकृतिको रोग वा घातक रोग, दुर्घटना तथा चोटपटकबाट गम्भीर रुपमा घाईते भएका, गम्भीर शारीरिक वा मानसिक समस्या वा गम्भीर अपाङ्गता भएकै कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवनयापन कठिनाई भएका व्यक्तिको उपचार सहयोग र निरन्तर रुपमा औषधी सेवन गरिरहनु पर्ने लगायतका खर्च जुटाउन नसकेका परिवारका सदस्यहरुलाई बढीमा पच्चिस हजार रुपैया सम्म

७.३ अनाथ असहाय/अशक्त बालवालिका वा बाबुआमालाई गम्भिर शारीरिक वा मानसिक समस्या भएका, अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिकाको पालनपोषण, हेरचाह, शिक्षादिक्षा तथा सरक्षण सहयोग पन्ध्र हजार रुपैया सम्म।

७.४ जोखिममा परेका परिवारलाई वा मानवीय कारण सिर्जित ५०००।- हजार रुपैया सम्म।

७.५ आर्थिक विपन्नताकै कारण सानोतिनो पेशा व्यवसाय मन्चालन गर्न नसकी आफूसँग बाधित परिवार पाल्न दैनिक कठिनाई भोगिरहेका साहारा विहिन व्यक्तिका लागि पन्ध्र हजार नीयां सम्म।

७.६ विपन्न परिवारका बालबालिकाका लागि लत्ता कपडा, विद्यालय पोशाक, कोना तथा गैक्षिक सामाग्री वा सामान्य उपचार सहयोग दश हजार रुपैया सम्म।

७.८ मिर्गौला रोगीलाई डायलसिसको लागि रु. पाँच हजार प्रति महिना।

७.९ क्यान्सर रोगीलाई प्रतिमहिना रु. पाँच हजार सहयोग गर्ने।

**८. सिफारिस आवश्यक हुने:**

८.१ सम्बन्धित वडा समितिको बैठकवाट आर्थिक रुपले विपन्न भएको भन्ने सिफारिस पत्र।

८.२ गम्भीर रोगका कारण उपचार विरामिको हकमा सम्बन्धित अस्पतालमा उपचार गराएको रोग बोल्ने प्रमाणित पत्र।

श्याम बाबु साह कानु
प्रमुख प्रशासकीय अधिकृत

प्रमोद तिवारी
गाउँपालिका अध्यक्ष

## परिच्छेद ४

### आर्थिक सहायता सहयोग प्राप्त गर्न पुरा गर्न आवश्यक कागजात विधि र प्रक्रिया:

**९) निवेदन दिनुपर्ने :**

यस कार्यविधि बमोजिमको आर्थिक सहायता सहयोग प्राप्त गर्न अनुसूची १ मा उल्लेखित निवेदन सम्बन्धित व्यक्ति स्वयम् वा बाबुआमा वा सरक्षकले लिखित रुपमा गाउंपालिका वा सम्वन्धित वडा कार्यालयमा दिनुपर्नेछ

**१०) आवश्यक कागजात संलग्न गर्नुपर्ने:**

निवेदनका साथ देहायका विवरण सलग्न गर्नुपर्नेछ

१०.१ सम्बन्धित वडा कार्यालयबाट वडा समितिको बैठकको निर्णयबाट सिफारिस गरेको पत्र।

१०.२ निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि।

१०.३ बिन्दबासिनी गाउँपालिकाको स्थायी बसोवास खुलेको कागजात।

१०.४ गम्भीर रोग/जटिल प्रक्तिका दिर्घरोगी, चोटपटक लागेका विरामी भएका व्यक्ति हकमा स्वीकृत प्राप्त चिकित्सकको सिफारिसको आधारमा।

**११) बार्षिक सहायता उपलब्ध गराउन सकिने,**

११.१ अनुसूची १ बमोजिम प्राप्त निवदेन दफा १० वमोजिम मंलग्न कागजात सहित वडा कार्यालयबाट सिफारिस भई आएका निवेदनका आधारमा सहायता रकम उपलब्ध गराउने सम्बन्धमा गाउँपालिका स्तरीय समितिको निर्णयबाट गराउन सकिनेछ।

११.२ गाउँपालिका स्तरिय आर्थिक सहायता समिति देहाय बमोजिम हुनेछ।

गाउँपालिका प्रमुख - संयोजक
प्रमुख प्रशासकिय अधिकृत - सदस्य
सामाजिक विकास शाखा प्रमुख – सदस्य
महिला विकास शाखा प्रमुख – सदस्य
लेखा शाखा प्रमुख - सदस्य
स्वास्थ्य शाखा प्रमुख- सदस्य सचिव

**१२) आर्थिक सहायता सहयोग उपलब्ध गराउन नसकिने:**

यस कार्यविधि बमोजिमको आर्थिक सहायता सहयोग गाउंपालिका क्षेत्र भित्र स्थायी वसोचान नभएका व्यक्ति वा परिवारलाई उपलब्ध गराउन नसकिने,

तर कुनै गम्भीर प्रकृतिको रोग वा आकस्मिक चोटपटक लाग्न गै तत्कान उपवार खर्च नभै सहयोगको लागि अनुरोध गरेको अवस्थामा आवश्यक जांचबुझवाट ठहर भएका व्यक्ति, सडक बालबान्निका, सडक बेसाहारा जीवन गुजारा गरिरहेका व्यक्ति र विगत ५ वर्ष देखि गाउंपालिका क्षेत्रभित्र

श्याम बाबु साह कानु
प्रमुख प्रशासकीय अधिकृत

प्रसाद तिवारी
गाउँपालिका अध्यक्ष

CamScanner

बसोवास गर्दै आएका परिवारका सदस्यलाई तोकिएको मापदण्डको सीमा भित्र आपतकालीन सहयोग उपलब्ध गराउन बाधा परेको मानिने छैन।

१३) प्रचलित कानुन बमोजिम हुने:

यस कार्यविधिमा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ

१४) बाधा अड्काउ फुकाउन सक्ने

यी कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाको बैठकले फुकाउन सक्नेछ।

## अनुसूची

## निवेदनको ढाँचा

श्री बिन्दबासिनी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

बहुअर्वा भाट्टा,पर्सा ।

विषय : आर्थिक सहायता सहयोग उपलब्ध गरीपाउँ।

महोदय,

मधेश प्रदेश पर्सा जिल्ला बिन्दबसिनी गाउँपालिका वडा न...... को स्थायी बसोबास गर्ने श्री ............... को छोरा/छोरी बाबुआमा/नाति/नातिनी/श्रीमान/श्रीमती: श्री...................... असाहय/अशक्त/विपन्न परिवारको भएकोले प्रावश्यक स्थायी बसोबास गर्ने थी अनाथ राबी कागजात सहित सलग्न रोगको उपचार भैरहेको भएको गर्नुपर्ने भएकाले पालनपोषण, हेरचाह, शिक्षादिक्षा उपचार, संरक्षण तथा जीविकोपार्जनको लागि नियमानुसारको आर्थिक राहात सहयोग उपलब्ध गराईदिनु हुन अनुरोध छ। चालु आर्थिक बर्षमा यस उल्लेखित कार्य प्रयोजनका लागि कुनै निकाय वा सस्थाबाट सहयोग प्राप्त गरेको छैन वा............. निकाय/संस्था/व्यक्तिगत रु...........सहयोग प्राप्त गरेको भएपनि अपुग हुन गएको व्यहोरा अनुरोध गर्दछु।

गाउँकार्यपालिकाबाट पारित मिति:- २०८२/०२/२०

प्रमाणीकरणमिति:-२०८२/०२/२०

निवेदक:

दस्तखत:

नाम:

ठेगाना:

सम्पर्क न.

...

आज्ञाले

श्यामबाबु सीह कानु

प्रमुख प्रशाकीय अधिकृत

प्रमोद तिवारी

गाउँपालिका अध्यक्ष